"कृषि शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार सुन्दर सम्वृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### अमाहिवेल्हा, सुनसरी

### १ नं. प्रदेश, नेपाल ।

# गाउँपालिकावासीहरूमा हार्दिक अपिल

१. सबै गाउँपालिकावासीले आफ्नो टोल, चोक गल्ली, बाटोघाटोका साथै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।

२. सार्वजनिक स्थलहरुमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं । स्वच्छ वातावरण निर्माणमा सहयोग गरौं ।

३. गाउँपालिकालाई बुझाउन पर्ने करहरु (सम्पति कर, वहाल कर, मालपोत तथा भुमिकर, व्यावसाय कर लगायत अन्य सबै किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं।

४. गाउँपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यावसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यावसाय वडा कार्यालय र गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।

५. व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गर्ने गरौं ।

६. गाउँपालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै गाउँपालिकावासीले सहयोग गरौं ।

७. बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गरौँ ।

८. आफ्ना बालबालिकाहरुलाई उपयुक्त समयमा नै खोप लगाई सम्भावित रोगबाट बचौं । पूर्ण खोपयुक्त गाउँ बनाउन सहयोग गरौँ ।

प्रमुख प्रशासकीय अधिकृत